☎ ०४१-४०६०१११

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ढल्केबर, धनुषा
स्थापना २०७३

प.स :- योजना २०७५।०७६
च.न :- ८४८

मिति :-२०७५/१२/२५

विषय :- तालीम, गोष्ठी सेमिनार संचालन र बस्तु खरिद सम्वन्धमा ।

**श्री सवै वडा कार्यालयहरु (१-११)**
**मिथिला नगरपालिका ।**

उपरोक्त सम्वन्धमा यस नगरपालिकाको दोस्रो नगर सभा, तेस्रो नगर सभा (हिउदे अधिवेशन) र विशेष नगर सभा समेतबाट स्वीकृत एवं संशोधित वडा स्तरीय कार्यक्रम तालीम, गोष्ठी, सेमिनारहरु संचालन गरिने योजना समेत रहेको देखिन्छ।

यसमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८२ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायलाई उपयोगी र आवश्यक पर्ने तालिम गोष्ठी र सेमिनार जस्ता विषयमा सेवा लिन परेमा पाँच लाख रुपैया सम्मको परामर्श सेवामा सार्वजनिक निकायको प्रमुख आफैले र सो भन्दा माथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई सार्वजनिक खरिद ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी सोझै वार्ताबाट खरिद गर्न सकिने छ भन्ने उल्लेख छ ।

यस्तै तहाँको वडास्तरीय योजनामा बस्तु (सामान) खरिद गरी योजना संचालन गर्ने समेत कार्यक्रम देखिन्छ ।

यसमा सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११ र मा मालसामान र परामर्श खरिद गर्दा लागत अनुमान तयार गर्नु पर्ने, व्यवस्था रहेकोछ भने परिच्छेद ३ को १८ मा सार्वजनिक खरिद ऐनको दफा ६ क अनुसार खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवशायी, परामर्शदाता, गैह्र सरकारी संस्था वा सेवा प्रदायकको ऐनको दफा १० को उपदफा (२) बमोजिमको योग्यताको आधारमा छुट्टा छुट्टै मौजुदा सूची तयार गर्नु पर्ने, दफा ८ अनुसार खरिद विधि छनौट गर्नु पर्ने, नियमावलीको नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नु पर्ने र बीस हजार भन्दा कम रकमको मालसामान र मूल्य अभिबृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त नगरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्न सकिने, खरिद सम्झौता गर्नु पर्ने लगायतका व्यवस्था रहेको छ । यसै गरी नियम ८५ मा सोझै खरिद सम्वन्धी व्यवस्थाको उप नियम (१) को (क) मा पाँच लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सेवा सोझै खरिद गर्न सकिने, एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी खरिद गर्न नसकिने र एक लाख रुपैया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्ता, निर्माण व्यवशायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने छ भन्ने व्यवस्था रहेको छ ।

माथि उल्लेखित ५ लाख सम्मका योजना तथा कार्यक्रम खरिद सम्वन्धी सार्वजनिक खरिद ऐन, नियमावलीमा भएका उल्लेखित व्यवस्था अनुसार हुने गरी तहाँ वडाको वडास्तरीय तालीम, गोष्ठी, सेमिनार र बस्तु खरिद वा परामर्श सेवाका खरिद कार्य गरी समयमा नै योजना तथा कार्यक्रम संचालन हुने व्यवस्था मिलाउन हुनका साथै बस्तु खरिद गर्दा त्यही वडाबाट खरिद आदेश दिई दाखिला गरी बस्तु (मालसामान) खरिद गर्ने व्यवस्था मिलाउन हुन समेत अनुरोध गर्दछु ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नगर प्रमुखज्यूको कार्यकक्ष
श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री कार्यपालिका सदस्यज्यहरु(३)
श्री आर्थिक प्रशासन शाखा
श्री जिन्सी शाखा
श्री प्राविधिक शाखा
श्री सूचना प्रविधि अधिकृत : वेवसाईटमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।

योजना शाखा

लेखापाल